निर्वाचन आयोग
**प्रदेश निर्वाचन कार्यालय**
**कोशी प्रदेश विराटनगर**

Email Address
deo.morang@election.gov.np
फोन नं. : 021-474990

विराटनगर-१० तिनटोलिया

प.सं. :- २०८२/८३
च.नं. :- ०६

मिति: २०८२/०४/०९

विषयः मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम, २०८२ सम्बन्धमा ।

श्री सबै स्थानीय तहहरु,
मोरङ जिल्ला।

अत्यन्त जरुरी

प्रस्तुत विषयमा अन्तिम मतदाता नामावली तयार गर्नका लागि यस जिल्लामा मिति २०८२/०४/१४ देखि २०८२/०५/२५ गते सम्म विभिन्न क्रियाकलापहरु सहित सञ्चालन हुने **मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम,** २०८२ सम्बन्धी सूचना (अनुसूची -१) यसै साथ पठाइएको छ । संलग्न सूचना सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयमा टाँस गरिदिने व्यवस्थाका लागि साथै कार्यक्रम सञ्चालनका लागि तपसिल बमोजिमको आवश्यक सहयोग र समन्वयका लागि अनुरोध छ ।

तपसिल

१. कार्यक्रमको सूचना (अनुसूची-१) सम्बन्धित स्थानीय तहका सबै वडा कार्यालयहरुमा मिति २०८२/०४/१२ गते सम्ममा प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुन ।
२. यस कार्यक्रमको लागि मतदाता नामावली मिति २०८२/०४/१४ गते निर्वाचन आयोगको वेवसाइट https://election.gov.np मा प्रकाशन हुनेछ ।
३. प्रकाशित मतदाता नामावलीमा नाम भएका **व्यक्तिहरुमध्ये बसाई सरी अन्यत्र गएका र मृत्यु भएका व्यक्तिहरुको विवरण (मतदाता नम्बर समेत अनिवार्य उल्लेख गरी) मिति २०८२/०४/२९ गतेभित्र** यस कार्यालयको ईमेल ठेगाना deo.morang@election.gov.np मा उपलब्ध गराउने व्यवस्थाका लागि सम्बन्धित स्थानीय तहहरुले मातहतका सबै वडाका स्थानीय पञ्जिकाधिकारीहरुलाई आवश्यक निर्देशन एवं समन्वयको अनिवार्य व्यवस्था मिलाउनु हुन ।
४. यसैसाथ संलग्न कार्यक्रम सम्बन्धी सूचनाको क्र.सं. २, ३, ४ र ५ मा उल्लेखित क्रियाकलापहरु सम्बन्धी निवेदन/सूचना/उजुरी सम्बन्धित व्यक्तिलाई मिति २०८२/०४/१५ देखि २०८२/०४/२२ गते सम्म अनुसूची भराई सम्बन्धित स्थानीय तह/वडा कार्यालयहरुले दर्ता गरी मिति २०८२/०४/२९ गतेभित्र यस कार्यालयको ईमेल deo.morang@election.gov.np मा पठाइदिनु हुन ।अनुसूचीहरु यसैसाथ संलग्न राखी पठाइएको छ ।
५. त्रुटि सच्याउन र दोहोरो नामावली हटाउनका लागि निर्वाचन आयोगको वेवसाइट **elelction.gov.np** भित्र रहेको **मतदाता नामावली प्रि-रजिष्ट्रेशन र अध्यावधिकमा गई वा https://applyvr.election.gov.np** मा **Online** माध्ययम बाट पनि अद्यावधिक गर्न सकिनेछ र यसरी गर्दा सोझै निर्वाचन कार्यालयमा निवेदन पेश हुने भएकोले **Online** बाट अद्यावधिक गरेकोले ईमेलबाट पठाइराख्नु पर्ने छैन ।
६. अन्य थप जानकारीका लागि ९८५२०७१०८४, ९८५२०८१०२५ र ९८४२५३०६०० ।

चोलाराज दंगाल
नि. प्रदेश निर्वाचन अधिकारी
निमित्त प्रदेश निर्वाचन अधिकारी

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय,
मोरङ :- आवश्यक सहयोग र समन्वयका लागि अनुरोध छ ।
श्री सबै स्थानीय तहहरुका सबै वडा कार्यालयहरु, मोरङ :- जानकारीको लागि अनुरोध छ ।